नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग

इ.प्रा.परिपत्र संख्या :- ६६८ मिति २०७४/२/७

इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरू र विप्रेषक कम्पनीहरु ।

**विषय :- नगद भुक्तानी गर्न सकिने रकम र समय सीमा सम्बन्धमा**

महाशय,

यस बैंकले मिति २०७१/८/१४ मा जारी गरेको इ.प्रा. परिपत्र संख्याः ६२९ को (ङ) मा भएको व्यवस्थालाई कार्यान्वयन गर्ने गराउने सम्बन्धमा देहाय बमोजिम हुने गरी संशोधन गरिएको हुँदा सोही बमोजिम गर्नु/गराउनु हुन विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ (संशोधन सहित) को दफा-१२ ले दिएको अधिकार प्रयोग गरी यो परिपत्र जारी गरिएको छ ।

(ङ) रेमिटान्स कारोवार गर्ने बैंक तथा वित्तीय संस्था र रेमिटान्स कम्पनीहरुले २०७४ साल साउनबाट रु.२ लाख भन्दा बढी विप्रेषण वापतको रकम भुक्तानी गर्दा अनिवार्यरुपमा बैंक खाता वा चेक मार्फत भुक्तानी गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

यस बैंकबाट मिति २०७१/१०/२५ मा जारी इ.प्रा. परिपत्र संख्या ६३५ को (ङ) र इ.प्रा.परिपत्र संख्या ६३७ खारेज गरिएको छ । साथै खारेज गरिएको परिपत्र अन्तरगत भए गरेका कामकारवाही यसै परिपत्र अन्तरगत भए गरेको मानिनेछ ।

भवदीय,

(भिष्मराज ढुङ्गाना)
कार्यकारी निर्देशक

**बोधार्थ:**

१. श्री गभर्नरको कार्यालय
२. श्री डेपुटी गभर्नरको कार्यालय
३. श्री नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन महाशाखा
४. श्री बैंक तथा वित्तीय संस्था नियमन विभाग
५. श्री बैंक सुपरिवेक्षण विभाग
६. श्री विकास बैंक सुपरिवेक्षण विभाग
७. श्री वित्त कम्पनी सुपरिवेक्षण विभाग
८. श्री आन्तरिक लेखा परीक्षण विभाग
९. श्री नेपाल बैंकर्स संघ
१०. श्री डेभलपमेन्ट बैकर्स संघ
११. श्री वित्त कम्पनी संघ
१२. श्री नेपाल विप्रेषक संघ
१३. श्री फरेन एक्चेन्ज एण्ड मनी डिलर्स एशोसिएसन अफ नेपाल